आर्थिक बर्ष २०७८/७९
को बजेट वक्तव्य

**खार्पूनाथ गाँउपालिका**
**याङ्चुबजार, हुम्ला**
**२०७८, असार १० गते बिहीबार**

गाँउसभाको बैठकमा २०७८ साल असार १० गते बिहीबार गाँउपालिकाका उपाध्यक्ष श्री रूपा शाही ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७८/७९ को बजेट वक्तव्य

खार्पूनाथ गाँउपालिका
याङ्चुबगर, हुम्ला
२०७८, असार

सम्मानित अध्यक्ष ज्यू ,
गाँउसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
पत्रकार साथीहरु,

सर्वप्रथम यस खार्पूनाथ गाँउपालिकाको पाँचौ बजेट  अधिवेशन तथा गाँउ सभा बैठकको अवसरमा उपस्थित सम्पूर्ण महानुभावलाई हार्दिक स्वागत गर्दछु । खार्पूनाथ गाँउपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत:नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानीय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानीय तहको मध्यकालिन खर्च संरचना MTEF अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानीय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०७८।०७९को बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता  साँस्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ । कृषि तथा औषधिजन्य जडिबुटीहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको खार्पूनाथ गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक

साँस्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस खार्पूनाथ गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी खार्पूनाथ गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् । त्यसैले विकसित र समृद्ध खार्पूनाथ गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन ।

माननीय अध्यक्ष ज्यू सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,

बजेट तथा कार्यक्रमको उदेश्य मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको प्रमुख उदेश्य:-**

आ.ब.२०७८।०७९ को यस खार्पूनाथ गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई विकासको बाटोमा अघि बढाउनु रहेको छ ।

यसका लागि कृषि पर्यटन जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक शिक्षा स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**मुख्य नीतिहरु**

- खार्पूनाथ गाँउपालिकालाई २ बर्षभित्र आवश्यक पूर्वाधारहरको विकास गरिने छ ।
- सुन्दर र समृद्ध गाँउपालिकाको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरु संचालन गरिनेछ । पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ । साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ।
- खार्पूनाथ गाँउपालिका भित्र साना लघु जलविद्युत आयोजनाहरुको संभाव्यता गराई संघीय सरकार प्रदेश सरकार तथा अन्य विकास साझेदारहरुसंग निर्माणका लागि अनुरोध गरिनेछ ।

- समता समानता र सशक्तिकरणको नितिलाई अबलम्वन गर्दै बालमैत्री अपाङ्गमैत्री लैङगिक मैत्री गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ।
- गाँउपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तात्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ।
- आन्तरिक आयलाई वृद्धि गर्न करको दायरा विस्तार गरी समुचित करको दर लगाउने नीति अपनाइने छ।

**आ.व.२०७८।०७९ को लागि श्रोत साधनहरुको अनुमान,तिनका माध्यमहरु र संकलनका रणनितिहरु**

खार्पूनाथ गाँउपालिकाले अर्थ मन्त्रालय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङका आधारमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुसार श्रोत साधनको अनुमान गरिएको छ।

यसैगरी अब म आ.व २०७८/२०७९ को लागि विषयगत विकास नीति उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु।

**१.आर्थिक विकास**

<u>कृषि</u>

- खार्पूनाथ गाँउपालिकाको प्रख्यात बालीहरु स्याउ ओखर सिमी फापर मह चिनो कागुना आलु लगायतका फलफुल तथा तरकारी औषधिजन्य जडिबुटीहरुको उत्पादन बृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- उन्नत जातको पशुपालनका लागि नश्ल सुधार तथा कृतिम गर्भाधारण कार्यक्रममा जोड दिदै बाख्रा भेडा च्याङग्रापालन मौरीपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।

उद्योग तथा वाणिज्य

- स्थानीय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ ।
- स्थानीय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ । साथै स्थानीय उत्पादन प्रयोगमा जोड दिइनेछ ।
- स्थानीय स्तरमा रहेका लघु उद्यमीहरूलाइ वित्तीय पहुँचको लागि आवश्यक पहल गरिनेछ ।

पर्यटन

- गाँउपालिकाका सम्भाव्य पर्यटकीय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।
- पर्यटकीय गन्तव्यको रुपमा रहेको खार्पूनाथ शिवालयलाई पर्यटकीय पूर्वाधार विकास आयोजना मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

**२.सामाजिक विकास**

शिक्षा

- खार्पूनाथ गाँउपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिनेछ ।
- गाँउपालिकाका छात्राछात्रहरुलाई प्राविधिक तथा उच्च शिक्षाका लागि उचित छात्रवृतिका लागि पहल गरिनेछ ।

## स्वास्थ्य

- सबैलाई स्वास्थ्य कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ । गाँउपालिकाभित्र रहेका स्वास्थ्य चौकी हरु सुचारु रुपले संचालन गर्न व्यवस्थापनका सम्पूर्ण पक्षहरुमा विशेष ध्यान दिइनेछ।
- अहिले वर्तमान परिवेशमा कोभिड १९ को महामारीलाई लक्षित गरी सोही अनुसारको कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।
- खार्पूनाथ सामुदायिक अस्पतालको लागि आवश्यक पूर्वाधार निर्माणको लागि प्रकृया अगाडि बढाइनेछ। सेवा विस्तारमा जोड दिइनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिई पूर्ण स्वास्थ्य बीमित गाँउपालिका घोषणा गरिनेछ।

## खानेपानी तथा सरसफाई

- सफा खानेपानी तथा पुर्ण सरसफाईका लागि विशेष ध्यान दिईनेछ।
- गांउपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अबस्था सुनिश्चितता, बिस्लेषण तथा योजना निर्माणका लागि NWASH योजना निर्माण र सो क्षेत्रको आगामि ५ बर्षे रणनितिक योजना निर्माण गरिने छ ।
- नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ

योजना निर्माण तथा  विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

## सस्कृति प्रवर्द्धन

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहर संचालन गरिनेछ ।
- गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।

## लैङ्गिक समानता एंव समाजिक समावेशीकरण

- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका वर्गलाई लक्षित कार्यक्रमहरु उनिहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ । राष्ट्रिय मुलप्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।
- मानव वेचविखन घरेलु हिंसा बालश्रम छुवाछुत तथा सामाजिक कुरीतीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ ।
- महिला बालबालिका दलित अपाङ्ग जेष्ठ नागरिक असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ । साथै संचालन भैसकेका कार्यक्रमहरुलाई पनि निरन्तरता दिइनेछ ।
- खेलकुद विकासको लागि खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरि खेलकुद विकासमा विशेष ध्यान दिइनेछ ।

## ३.पूर्वाधार विकास

सडक तथा पुल

खार्पूनाथ गाउँपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइ कार्यान्वयन चरणमा रहेको र अन्य क्षेत्रगत गुरुयोजनाहरु एवं नीतिहरु आवश्यकता अनुसार तयार गरिनेछ ।

.गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न गाउँ यातायात गुरुयोजना ( Rural Transport Master Plan-RTMP) तयार गरी कार्यान्वयन गरिने छ ।

भवन तथा सहरी विकास

- वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- गाँउपालिका भित्रका सार्वजनिक सेवा प्रदायक सँस्थाको भवन तथा संरचनालाई
- व्यवस्थित गरिनेछ ।

उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।
- लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरुसँग साझेदारीमा जोड दिइनेछ
- संचार
- व्यवस्थित टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराईनेछ ।
- विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ ।

## ४.वातावरण तथा विपद व्यवस्थापन

वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन

- भुमि र वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपणका तथा भु-संरक्षणका कार्यक्रमहरु/क्रियाकलापहरु संचालन गरिनेछ ।
- जडीबुटी संकलन तथा प्रशोधन व्यवस्थापनमा जोड दिइनेछ ।
- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्वन गरिनेछ ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- हरियो खार्पूनाथ गाँउपालिका भन्ने अवधारणा लागु गर्न विशेष जोड दिइनेछ ।
- पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ । कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ ।

## ५.संस्थागत विकास तथा सेवा प्रवाह

मानव संसाधन तथा संस्थागत क्षमता विकास

- गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- स्थानीय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।

संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली

- गाँउपालिकाभित्र अपाङ्ग असहाय बालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।
- स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज नागरिक वडापत्रको प्रयोगमा जोड दिइनेछ ।

सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ।

**६.वित्तिय व्यवस्थापन र सुशासन**

राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ति तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ।

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छौट र सुचना तथा संचार व्यवस्थापन

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ।
- बेरुजु र बेरुजु फर्छौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ।

मानिनय अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,
अब म आ.व.२०७८।०७९ को प्रस्तावित बजेट तथा आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व. २०७८।०७९ को लागि खार्पूनाथ गाँउपालिकाको कुल प्रस्तावित बजेट रु.३६,६९,११०००।०० (अक्षेरूपी छत्तीस करोड उनान्सत्तरी लाख एघार हजार) रुपैया हुन आएको छ ।

| श्रोत | | रकम रु. अंकमा | रकम रु. अक्षरमा |
|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त हुने अनुदान | | २८,१४,००,०००।०० | ( अठ्ठाइस करोड चौध लाख मात्र) |
| कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | | २,६४,७५,०००।०० | (दुई करोड चौसठ्ठी लाख पचहत्तर हजार मात्र) |
| संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड | | ५,६८,१४,०००।०० | ( पाँच करोड अठ्सठ्ठी लाख चौध हजार मात्र ) |
| प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड | | २,२२,०००।०० | (दुई लाख बाईस हजार मात्र) |
| आन्तरिक श्रोत | | २०,००,०००।०० | ( बीस लाख मात्र ) |
| जम्मा | | ३६,६९,११०००।०० | (अक्षेरूपी छत्तीस करोड उनान्सत्तरी लाख एघार हजार) |
| सि.न | विषयगत क्षेत्र | अंकमा | अक्षरमा |
| १ | आर्थिक विकास | २,८५,००,०००।०० | दुई करोड पचासी लाख मात्र |
| २ | सामाजिक विकास | १७,८१,०४,५८४।०० | चौध करोड एक लाख मात्र |
| ३ | पूर्वाधार विकास | ७,५५,६१,०००।०० | साठ करोड पचपन्न लाख एकसठ्ठी हजार मात्र |

| | | | |
|---|---|---|---|
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,०९,१४,०००।०० | दुई करोड नौ लाख चौध हजार मात्र) |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ६,३८,३१,४१६।०० | छ करोड अठ्तीस लाख एकतीस हजार चार सय सोह्र मात्र |
| सबै क्षेत्रको कुल जम्मा | | ३६,६९,११०००।०० | (अक्षेरूपी छत्तीस करोड उनान्सत्तरी लाख एघार हजार) |
| चालू खर्चमा विनियोजित रकम रू. | | १७,४३,०१,०००।०० | सत्र करोड एकचालीस लाख एक हजार मात्र |
| पूजिगत खर्चमा विनियोजित रकम रू. | | १९,२६,१०,०००।०० | उन्नाइस करोड छब्बीस लाख दश हजार मात्र |

विनियोजन ऐनको अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.स. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सम्पूर्ण | खार्पूनाथ गाँउपालिका | १७,४३,०१,०००। | १९,२६,१०,०००। | ०।०० | ३६,६९,११०००। |

अब म गत आ.व. २०७६।०७७ मा यस गाँउपालिकाबाट भएको आम्दानी तथा बजेट खर्चको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु।

| **सि.नं** | **आयतर्फ** | | | **सि.नं** | **व्ययतर्फ** | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| **१** | **गत वर्षको जिम्मेवारी** | | ७०७९७१७।११ | **१** | **चालु खर्च** | १४४३७०३७०।७१ | १४४३७०३७०।७१ |
| | क) नगद | ०।०० | | **२** | **पूँजीगत खर्च** | १३६७४४११७।६० | १३६७४४११७।६० |
| | ख) बैंक | ७०७९७१७।११ | | **३** | **अन्य विषयगत निकायबाट प्राप्त** | | ३०५५७४००.०० |
| **२** | **राजस्व ( आन्तरिक आय)** | | ४०६२१५२५।३४ | | सामाजिक सुरक्षा | २६१८२४००।०० | |
| | क) आन्तरिक राजस्व | ८७९४३५।०० | | | प्रधानमन्त्री रोजगार | ४३७५०००।०० | |
| | ख) राजस्व बाँडफाँड | ३२३८४६५०।३४ | | | प्रदेश तथा स्थानीय क्षमता अभिबृद्दी कार्यक्रम | ०।०० | |
| | ग) अन्य आय | ७३५७४४०।०० | | | स्थानीय पुर्वाधार विकास कार्यक्रम | ०।०० | |
| **३** | **वित्तिय हस्तान्तरण संघ** | | २४९७८३६०७।०० | | क्षेत्रीय शहरी विकास योजना | ०।०० | |
| | क) वित्तिय समानीकरण अनुदान | ६८१०००००।०० | | | सडक बोर्ड नेपाल | ०।०० | |
| | ख) सशर्त अनुदान | १६६७६६८०९।०० | | | पर्यटन बोर्ड नेपाल | ०।०० | |
| | ग) समपूरक अनुदान | ०।०० | | | एन एन एस डब्लु ए | ०।०० | |
| | घ) विशेष अनुदान | १४८९६७९८।०० | | | (अन्य भए उल्लेख गर्ने) | ०।०० | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २१८११५९८।०० | ४ | **वित्तिय व्यवस्था भुक्तानी** | | ०।०० |
| | क) वित्तिय समानीकरण अनुदान | ९८२१०००।०० | | | क) ऋण भुक्तानी | ०।०० | |
| | ख) सशर्त अनुदान | ८५०००००।०० | | | ख) ब्याज भुक्तानी | ०।०० | |
| | ग) समपुरक अनुदान | ०।०० | | | ग) अन्य भुक्तानी | ०।०० | |
| | घ) विशेष अनुदान | ३४९०५९८।०० | | ५ | **लगानी** | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ०।०० | ०।०० | | ऋण लगानी | ०।०० | |
| ६ | **अन्य विषयगत निकायबाट प्राप्त** | | ३३३३९०००।०० | | शेयर लगानी | ०।०० | |
| | सामाजिक सुरक्षा | २८९६४०००।०० | | | अन्य लगानी | ०।०० | |
| | प्रधानमन्त्री रोजगार | ४३७५०००।०० | | ६ | **टिएसए मार्फत प्राप्त हुने कार्यक्रम** | | २४२३८५४७।०० |
| | प्रदेश तथा स्थानीय क्षमता अभिबृद्दी कार्यक्रम | ०।०० | ०।०० | | राष्टिय पञ्जीकरण कार्यक्रम पुंजीगत | ८४९००।०० | |
| | स्थानीय पुर्वाधार विकास कार्यक्रम | ०।०० | ०।०० | | राष्टिय पञ्जीकरण कार्यक्रम चालु | १२२७७००।०० | |
| | क्षेत्रीय शहरी विकास योजना | ०।०० | ०।०० | | स्थानीय विकास साझेदार कार्यक्रम | १८२०८५१।०० | |
| | सडक बोर्ड नेपाल | ०।०० | ०।०० | | बहुक्षेत्रीय पोषण कायैक्रम | ४०४६२०।०० | |
| | पर्यटन बोर्ड नेपाल | ०।०० | ०।०० | | खाद्या सुरक्षा कार्यक्रम | १७७७०००।०० | |
| | एन एन एस डब्लु ए | ०।०० | ०।०० | | प्रदेश पुर्वाधार विशेष कार्यक्रम | १८९२३४७६।०० | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | **टिएसए मार्फत प्राप्त हुने कार्यक्रम** | | २४२३८५४७।०० | **७** | **धरौटी फिर्ता** | ३८९२०००।०० | ३८९२०००।०० |
| | राष्ट्रिय पञ्जीकरण कार्यक्रम पुंजीगत | ८४९००।०० | | **८** | **जनश्रमदान फिर्ता** | ०।०० | ०।०० |
| | राष्ट्रिय पञ्जीकरण कार्यक्रम चालु | १२२७७००।०० | | **९** | **कोष फिर्ता विपद कोषको खर्च** | ४०६७३४७।०० | ४०६७३४७।०० |
| | स्थानीय विकास साझेदार कार्यक्रम | १८२०८५१।०० | | **१०** | **मौज्दात** | | १९८६८४९९।८४ |
| | बहुक्षेत्रीय पोषण कायैक्रम | ४०४६२०।०० | | | क) बैंक मौज्दात | १९८६८४९९।८४ | |
| | खाद्या सुरक्षा कार्यक्रम | १७७७०००।०० | | | ख) नगद मौज्दात | ०.०० | |
| | प्रदेश पुर्वाधार विशेष कार्यक्रम | १८९२३४७६।०० | | **११** | **शसर्त अनुदान फिर्ता** | १८३१३४५९।३० | १८३१३४५९।३० |
| ८ | विभिन्न कोषतर्फको आय | ४९५००००।०० | ४९५००००।०० | **१२** | **गत बर्षको बढी अल्या** | ०।०० | ०।०० |
| ९ | जनसहभागिता (नगद) | ०।०० | ०।०० | **१३** | **जनश्रमदान मौज्दात** | ०।०० | ०।०० |
| १० | विषयगत निकायबाट प्राप्त | ०।०० | ०।०० | **१४** | **धरौटी मौज्दात** | २६६७५९१।८९ | २६६७५९१।८९ |
| ११ | धरौटी आय | ६५५९५९१।८९ | ६५५९५९१।८९ | **१५** | **विपद व्यवस्थापन कोष खाताको मौज्दात** | ८८२६५३।०० | ८८२६५३।०० |
| १२ | लगानीको साँवा फिर्ता | ०।०० | ०।०० | **१६** | **सामाजिक सुरक्षा फिर्ता** | २७८१६००।०० | २७८१६००।०० |
| १३ | अन्य विविध आय | **०।००** | **०।००** | | | | |
| | **जम्मा** | | **३८८३८३५८६।३४** | | **जम्मा** | | **३८८३८३५८६।३४** |

अब म चालू आ.व. २०७७।०७८ मा यस गाँउपालिकाबाट भएको आम्दानी तथा बजेट खर्चको संशोधित अनुमानित विवरण प्रस्तुत गर्न चाहन्छु ।

| आ.व. : २०७७/७८ साउन १ गते देखि अषाढ १० गतेसम्म | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | विधि | बजेट | | | निकासा | | | खर्च | | | २०७८ अषाढसम्म खर्च हुने अनुमान |
| | | | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | |
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,६५,६३,४४८ | २,९५,३६,५५२ | ६,६१,००,००० | ३,७७,२३,४४८ | २,८३,७६,५५२ | ६,६१,००,००० | २,११,५९,०३० | ७९,८५,३८२ | २,९१,४४,४१२ | ३६९५५५८८।०० |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | ९,४६,६९,८१० | ४,१५,९८,००० | १३,६२,६७,८१० | ७,९४,४९,८१० | ४,००,९८,००० | ११,९५,४७,८१० | ५,५९,४९,१७३. | १,३१,७०,००० | ६,९१,१९,१७३.५० | ६७१४८६३६।५० |
| ३ | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | नगद ऋण | २,००,००० | ७,००,००० | ९,००,००० | २,००,००० | ७,००,००० | ९,००,००० | ० | ० | ० | ९०००००।०० |
| ४ | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | नगद ऋण (बैदेशिक) | ० | ४४,८६,००० | ४४,८६,००० | ० | ४४,८६,००० | ४४,८६,००० | ० | ११,६५,८०० | ११,६५,८०० | ३३२०२००।०० |
| ५ | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | सोधभर्ना हुने ऋण (बैदेशिक) | ८०,००,००० | ० | ८०,००,००० | ८०,००,००० | ० | ८०,००,००० | १३,९८,३२२ | ० | १३,९८,३२२ | ६६०१६७८।०० |
| ६ | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | नगद ऋण (बैदेशिक) | ६,५०,००० | २२,८५,००० | २९,३५,००० | ६,५०,००० | २२,८५,००० | २९,३५,००० | ० | ० | ० | २९३५०००।०० |
| ७ | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | सोधभर्ना अनुदान (बैदेशिक) | २७,७२,००० | २४,४८,००० | ५२,२०,००० | १५,६६,००० | १६,३६,००० | ३२,०२,००० | १,८१,००० | ० | १,८१,००० | ५०३९०००।०० |
| ८ | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | सोधभर्ना हुने ऋण (बैदेशिक) | ४१,०५,००० | ३२,३१,००० | ७३,३६,००० | ३३,६९,००० | १५,८३,००० | ४९,५२,००० | २,५६,००० | ४,९८,९०० | ७,५४,९०० | ६५८११००।०० |
| ९ | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | सोझै भुक्तानी अनुदान (बैदेशिक) | ५९,५०,००० | २१,५०,००० | ८१,००,००० | ५९,५०,००० | २१,५०,००० | ८१,००,००० | ३१,५७,८५८ | ९,७३,००० | ४१,३०,८५८ | ३९६९१४२।०० |
| १० | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | सोधभर्ना अनुदान (बैदेशिक) | १०,५०,००० | १,७६,५०,००० | १,८७,००,००० | १०,५०,००० | १,७६,५०,००० | १,८७,००,००० | ३,१६,१५० | ५८,५०,००० | ६१,६६,१५० | १२५३३८५०।०० |
| ११ | संघीय सरकार => | नेपाल सरकार => | शसर्त अनुदान चालु | नगद अनुदान (बैदेशिक) | २२,७४,००० | ० | २२,७४,००० | २२,७४,००० | ० | २२,७४,००० | १,१३,६०० | ० | १,१३,६०० | २१६०४००।०० |
| १२ | संघीय सरकार => | नेपाल सरकार => | विषेश अनुदान चालु | नगद ऋण | ० | ५०,००,००० | ५०,००,००० | ० | ३२,००,००० | ३२,००,००० | ० | ० | ० | ५००००००।०० |
| १३ | संघीय सरकार => | नेपाल सरकार => | समपुरक अनुदान चालु | नगद ऋण | ० | १,००,००,००० | १,००,००,००० | ० | ६६,००,००० | ६६,००,००० | ० | २५,३३,३६२.५० | २५,३३,३६२.५० | ७४६६६३७।५० |
| १४ | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,२०,००० | १,००,००,००० | १,०१,२०,००० | १,२०,००० | १,००,००,००० | १,०१,२०,००० | १,२०,००० | १२,४२,००० | १३,६२,००० | ८७५८०००।०० |
| १५ | प्रदेश सरकार | कर्णाली प्रदेश | शसर्त अनुदान चालु | नगद अनुदान | ० | ८०,००,००० | ८०,००,००० | ० | ५३,३३,२०० | ५३,३३,२०० | ० | ३६,००,००० | ३६,००,००० | ४४०००००।०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | प्रदेश सरकार | कर्णाली प्रदेश | विषेश अनुदान चालु | नगद अनुदान | ० | ४५,००,००० | ४५,००,००० | ० | १४,९९,००० | १४,९९,००० | ० | ० | ० | ४५००००० \| ०० |
| १७ | प्रदेश सरकार | कर्णाली प्रदेश | समपुरक अनुदान चालु | नगद अनुदान | ० | १,३५,००,००० | १,३५,००,००० | ० | ० | ० | ० | ० | ० | ० \| ०० |
| १८ | राजस्व बाडफाड | बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २,२२,००० | ० | २,२२,००० | ० | ० | ० | ० | ० | ० | ० \| ०० |
| १९ | राजस्व बाडफाड | बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,७८,०७,४६५ | १,८७,३१,८९६.५५ | ५,६५,३९,३६१.५५ | ३,१६,०४,५०६.४७ | ४४,७८,०४५.७५ | ३,६०,८२,५५२.२२ | २,४६,६३,४५६. | ३०,७२,२०३ | २,७७,३५,६५९.५० | २८८०३७०२ \| ०५ |
| २० | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १५३३००० \| ०० | ० \| ०० | १५३३००० \| ०० | १५३३००० \| ०० | ० \| ०० | १५३३००० \| ०० | १५३३००० \| ०० | ० \| ०० | १५३३००० \| ०० | ० \| ०० |
| २१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | गत बर्षको मैज्दात | नगद | ७४८५८७७ \| ९६ | १३७२९९०० \| ०० | २१२१५७७७ \| ९६ | ७४८५८७७ \| ९६ | १३७२९९०० \| ०० | २१२१५७७७ \| ९६ | ११९६०१० \| ०० | ८७,७९,३७६ | ९९७५३८६ \| ०० | ११२४०३९१ \| १६ |
| **जम्मा** | | | | | २०,३४,०२,६००.९६ | १८,७५,४६,३४८.५५ | ३९,०९,४८,९४९.५१ | १८,०९,७५,५४२.४३ | १४,३८,०४,६९७.७५ | ३२,४७,८०,२४०.१८ | ११,००,४३,६० | ४,८८,७०,०२३.५० | १५,८९,१३,६२३.५० | १९२३८९९३ \| २१ |

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु वुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार, प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी  सम्पूर्ण खार्पूनाथ वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस खार्पूनाथ गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने खार्पूनाथ गाँउपालिकाकाका नागरिक कर प्रदायकहरु खार्पूनाथ गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान  गर्नपनि नसकिएला तर बर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी खार्पूनाथ वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्यपनि खार्पूनाथ गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

धन्यवाद ।

पेश गर्नेः
रूपा शाही
गाँउपालिका उपाध्यक्ष
खार्पूनाथ गाँउपालिका, हुम्ला